### आँखा पाक्ने रोगका लक्षण
- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

वार्षिकोत्सव

प्रतीक दैनिकको वार्षिकोत्सवको अवसरमा यस दैनिकको प्रकाशन भदौ २ गते नहुने जानकारी गराउँछौं। हाम्रो भेट भदौ ३ गते हुनेछ।

प्रतीक दैनिक

❖ वर्ष ३७ ❖ २०८० भदौ ०१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 18 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०१

# बाढीले फास्ट ट्र्याकको पुल निर्माण गर्ने मेशिनमा क्षति
## केही स्थानमा अझै काम अवरुद्ध, केही स्थानमा सुचारु

प्रस, निजगढ, ३२ साउन/

सिमात–बकैया खोलामा आएको बाढीले द्रुतमार्गको पुल निर्माण गर्ने मेशिन ढालेर क्षति पुऱ्याएको छ।

द्रुतमार्गको जसपालस्थित ८ नम्बर पुलको पाइलिङ मेचिन पिल बोर होल हेभी इक्युप्मेन्टमा क्षति पुगेको हो। यस वर्ष एक महीनाअघि आएको बकैया खोलाको पहिलो बाढीले उक्त मेशिन ढालेको हो।

खोला वारपार आएको बाढीले हेभी मेशिनलाई ढालेपछि छवटा क्रेनको सहायताले सो मेशिन एक साताअघि उठाइएको थियो। जसका लागि बुटवलबाट ७५ टनको क्रेन, बारा–पर्सा औद्योगिक कोरिडरका कारखानाबाट ५० टनका दुईवटा क्रेन र पुल निर्माण गर्ने चाइनिज कम्पनीका तीनवटा गरी छवटा क्रेनको प्रयोग गरी खोलामा ढलेर क्षतिग्रस्त अवस्थामा रहेको हेभी मेशिनलाई सुरक्षित स्थानमा राखिएको जनाइएको छ।

त्यसैगरी, बाढीले पुल, कल्भर्टलगायत अन्य निर्माणका लागि सामग्री राखिएको ठूलो कन्टेनरमा पनि बाढी पसेर क्षति पुऱ्याएको र कतिपय बगाएको निर्माण कम्पनीले जानकारी दिएको छ। अझै धेरै सामान खोलाले बगाएका, पुरिएकाले क्षतिको यकीन विवरण भन्न नसकिने चाइनिज कम्पनीका दोभासे कुशल भट्टराईले बताए।

चाइनिज कम्पनीले करोडौंका मेशिन, निर्माण सामग्री क्षति भएको र पुल बनाउन प्रयोग गरिने एक/डेढ सय क्वीन्टल फलामका सामान बाढीका कारण फेला नपरेको जनाउँदै इन्स्योरेन्स कम्पनीमा दाबी गर्ने तयारी गरिरहेको बताइएको छ।

राष्ट्रिय गौरवको आयोजना काठमाडौं–तराई/मधेस द्रुतमार्गमा पुल निर्माण गरिरहेको चाइनिज कम्पनीले चुरे भएर वर्षामा भेलबाढी आउने बकैया खोलालाई नजरअन्दाज गर्दा क्षति हुन गएको मकवानपुरको जसपाल र बारा निजगढ–४ बागदेवका स्थानीयहरू बताउँछन्।

हिउँदमा घुँडासम्म पानी आउने बकैया खोला वर्षायाममा गडगडाएर पूरै खोलाको पाखा नै ढाकिने गरी बाढी आउने मकवानपुर बकैया गाउँपालिका जुरेलीका ६७ वर्षीय भरत न्यौपानेले बताए। श्रीपुर, जुरेली कर्मचुली, ठाटी, जुइना, जसपाल हुँदै लालबकैया खोलैखोला निजगढ आएको आफूसँग सयौंपटकको अनुभव रहेको बताउँदै यस खोलालाई मौसम अनुसार आकलन नगर्दा खोला ओहोरदोहोर गर्नेले पनि अकालमा ज्यान गुमाउनुपरेका घटनाहरू भएका उनले बताए।

द्रुतमार्गका विभिन्न स्थानमा पुल निर्माण भइरहेको साइटसम्म पुग्न ग्राभेल, होमपाइप हालेर खोलामा बनाइएको बाटो मकवानपुरको तिरतिरे धारादेखि सरस्वती जाने स्थानसम्मको करीब ६.५ किलोमिटर बाढीले बगाएको स्रोतले जनाएको छ। खोलाबाहिर जाने अर्को कुनै विकल्प नभएपछि खोलाभित्रबाट नै बाटो बनाएर जानुपर्ने भएकोले पुनः ठाउँठाउँमा बनाएको बाटो पछिल्लो बाढीले भत्काएको जनाएको छ।

अहिलेसम्म जसपाल, कैलेनी, अधेरीमा काम भइरहेको जनाउँदै ६, ७, ८ र ११ नम्बर पुलको काममा बाढीले काम गर्न सक्ने अवस्था नरहेकाले काम रोकिएको जानकारी दिइएको छ।

राष्ट्रिय गौरवका आयोजनामध्येको एक काठमाडौं–तराई/मधेस द्रुतमार्ग पनि हो। यसको निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ। शुरूमा सेनाले ट्र्याक खोले पनि अन्य काम भने विभिन्न उल्झनका कारण समयमा हुन सकेन। त्यसयता अहिले सबै प्रक्रिया पूरा गर्दै यस राष्ट्रिय गौरवको आयोजनाको जिम्मेवारी पाएको नेपाली सेनाले सरकारले तोकिदिएको २०८१ सालमा सम्पन्न गर्नेगरी तीव्रता दिइएको छ।

बाराको तराई–मधेसको निजगढबाट काठमाडौंको खोकना जोड्ने ७२.५ किलोमिटरको द्रुतमार्ग निर्माणको जिम्मा नेपाली सेनालाई सरकारले २०७४ सालमा दिए पनि काम भने २०७५ सालबाट मात्रै अघि बढेको हो। बाग्मती प्रदेश मकवानपुरको लेनडाँडासहित विभिन्न स्थानहरूमा १० वटा अस्थायी क्याम्प खडा गरेर यस आयोजनाको काम अघि बढाइएको छ।

नेपाली सेनाले काठमाडौं–तराई/मधेस द्रुतमार्गको सुरुङ मार्ग र त्यससँग जोडिने अग्ला पुलहरूको डिजाइन स्वीकृत भइसकेसँगै २४सैं घण्टा तीव्रताका साथ काम गरे पनि बाढीले निर्माण कार्यको गतिलाई केही स्थानमा अवरुद्ध पारेको छ। सुरुङ मार्गहरू निर्माण गर्न दुईवटा प्याकेजमा ठेक्का लागेसँगै कामले गति लिएको काठमाडौं–

(बाँकी अन्तिम पातामा)

# अन्तर्घात हुँदा गठबन्धन –सहमहामन्त्री यादव

प्रस, वीरगंज, ३२ साउन/

नेपाली काङ्ग्रेसका सहमहामन्त्री महेन्द्र यादवले नेकाभित्र अन्तर्घातका घटना बढेकाले पार्टी कमजोर भएर गठबन्धन गर्नुपरेको बताएका छन्।

नेकाको १४औं महाधिवेशनपश्चात् नेका पर्सा क्षेत्र नं २ ले बिहीवार आयोजना गरेको प्रथम क्षेत्रीय सम्मेलनका प्रमुख अतिथि सहमहामन्त्री यादवले अन्तर्घात नहुने र पार्टीलाई बलियो पार्ने कुरामा कार्यकर्ताहरू दृढ भए आगामी दिनमा नेकाले गठबन्धन नगर्ने बताए। उनले पर्सा काङ्ग्रेसको लागि बलियो जिल्ला भएको बताए। उनले पर्सेली नेका कार्यकर्तासँग अन्तर्घात नगर्न, पार्टीलाई जिताउने प्रतिबद्धता, भरोसा दिलाउन आग्रह गरे। उनले काङ्ग्रेसमा सङ्कट रहेको र वर्तमान काङ्ग्रेस सहभागी माओवादी नेतृत्वको सरकार निरङ्कुशतातर्फ उन्मुख भएर कमजोर भइरहेको बताए। सहमहामन्त्री यादवले पूर्वगृहमन्त्री बालकृष्ण खाँडका कारण नागरिकता विधेयक जारी भएको र त्यसैको रिसमा उनीविरुद्ध षडयन्त्र रचिएको आरोप लगाए। उनले खाँड जेलमा बस्नुको कारण वर्तमान गृहमन्त्री कारक भएको र उनकै 'रोल प्ले'मा यो घटना भएको दोषारोपण लगाए। उनले वर्तमान सरकारमा नेका पनि रहेको तर सरकारको नेतृत्वमा रहेकाहरूले नेकाविरुद्ध षडयन्त्र रचेका कारण यस प्रकारका कदम नरोकिए सरकारले नराम्रो परिणाम भोग्नुपर्ने चेतावनी दिए।

नेकाका केन्द्रीय सदस्य एवं सांसद अजयकुमार चौरसियाले चुनावपछि पार्टीको कार्यक्रम नै नभएको र क्षेत्र नं २ ले अधिवेशन राखेर राम्रो काम गरेको बताए। उनले अब हुने चुनावमा नेकाले गठबन्धन नगर्ने बताए। उनले यसका लागि नेकालाई बलियो बनाउन आवश्यक हुने बताए। यसअघिका दुईवटा चुनाव २०७०–७४ मा अन्तर्घातका कारण नेकाले निकै सिट गुमाउन परेको बताए। उनले आगामी दिनमा कसैले अन्तर्घात नगर्ने हो भने नेकाले धेरै सिट जित्ने दाबी गरे। उनले पूर्वगृहमन्त्री खाँडलाई सरकारले फसाएको आरोप लगाए। न उजूरी छ, न उनको नाम कसैले बयानमा पोलेको छ, त्यत्तिकै जेलमा हालिएको छ। सरकारले बजेट विनियोजन गर्दा पनि मधेस प्रदेशमा अन्य प्रदेशको तुलनामा कम बजेट पठाएकोमा आलोचना गरे। हाल पिउने पानीको समस्या देखिएको र सोको निराकरणतर्फ सरकार गम्भीर नभएको उनले आरोप लगाए।

प्रदेशसभा सदस्य एवं नेका, पर्साका सभापति जनार्दन सिंह क्षत्रीले पार्टी निर्णय अनुसार पर्सा जिल्लाका केही स्थानमा गठबन्धन र केहीमा गठबन्धन नरहेको बताए। उनले नेका, पर्साभित्र अन्तर्घातका कारण थुप्रैले हार बेहार्नुपरेको बताए।

क्षेत्रीय सभापति महमद सहाबुद्दीनको

## डिभिजन वन कार्यालय, बाराको अनुरोध

वनजङ्गल प्रवेश गरी बोटबिरूवा, पोथ्रा–लाथ्रा नकाटौं। वनजङ्गल हाम्रो साझा सम्पत्ति हो। त्यसैले यसको संरक्षणमा हामी सबै जुटौं।

डिभिजन वन कार्यालय, सिमरा बारा

## वार्षिकोत्सवको शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



सिंगासन साह कलवार
खानेपानी तथा ऊर्जा विकास मन्त्री
मधेस प्रदेश

## वार्षिकोत्सवको शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



जनार्दन सिंह क्षत्री
प्रदेशसभा सदस्य
मधेस प्रदेश

## वार्षिकोत्सवको शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।



श्याम पटेल
पदेशसभा सदस्य
मधेस प्रदेश

## वार्षिकोत्सवको शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।




एडभान्स सिमेन्ट परिवार

## हार्दिक शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

JAGDAMBA STEEL
देशको मेरुदण्ड

जगदम्बा स्टील प्रा.लि.
जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा

## हार्दिक शुभकामना

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

SURYA NEPAL
PRIVATE LIMITED
Prakriti

जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा

## हार्दिक समवेदना



जन्मः १९९९/०६/१८

स्वर्गारोहणः २०८०/०४/२१

स्व हरिबहादुर श्रेष्ठ

यस क्लबका अभिभावक एवं वरिष्ठ फूटबल प्रशिक्षक **हरिबहादुर श्रेष्ठ**को असमायिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा मृतात्माको चिरशान्तिको लागि भगवान् श्री पशुपतिनाथसँग प्रार्थना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**वीरगंज युनाइटेड क्लब परिवार**, वीरगंज

## विचारसार र सूक्तिहरू

**शक्तिशाली त समय हुन्छ । मानिस त घमण्ड मात्र गर्दछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## ३७ औं वर्ष प्रवेश

**समय बित्दै जान्छ । बित्दो समयका साथ मानवीय गतिविधिमा शिथिलता आए पनि संस्थाको क्रियाकलाप भने बढ्दै जान्छ । यो यथार्थ त्यस ठाउँको हो, जहाँको समाज सद्भावपूर्ण हुन्छ, सहानुभूतिशील हुन्छ, नियम–कानूनको मर्यादा गर्दछ । यस कसीमा हाम्रो देश र समाजको अवस्था हेर्ने हो भने केही विपरीत देखिन्छ । ऐन, नियम र कानून तोड्नका लागि बनाइन्छन् भन्ने भान हुन्छ । त्यसैले कुनै पनि स्वदेशी संस्थाको अस्तित्व गाऱ्हो बन्न पुग्छ । विदेशमा स्थापना भएका संस्थाहरू केही वर्षमैं विश्वव्यापी हुन पुग्छन्, विश्वभरि तिनका शाखा, उपशाखा सञ्चालन हुन पुग्छन् । हामीकहाँ कुनै पनि संस्थाको औसत आयु प्रायः एक दशक हुन्छ । किनकि न संस्था सञ्चालन गर्नेहरूमा जीवटता हुन्छ, न समाजले नै त्यसलाई जिउँदो रहन दिन्छ । कुनै पनि स्वदेशी संस्थाहरूको विगत र वर्तमान हेर्ने हो भने यस्तै परिदृश्य देखा पर्छ । विरलै कुनै संस्था दीर्घायु देखिन्छ । किनकि संस्थालाई सार्वजनिक ठान्ने प्रवृत्तिको सर्वथा अभाव छ । संस्थालाई व्यक्तिको नाम दिइन्छ । र व्यक्तिसँगको रिस, राग, द्वेषको तारो संस्थालाई बनाउन थालिन्छ । यस्तो प्रवृत्ति व्यक्तिविशेषमा मात्र होइन, सरकारी निकायहरूमा पनि देख्न पाइन्छ ।**

**यस्तो प्रतिकूलताको बीच कुनै संस्थाले ३६ वर्ष पार गर्नु, त्यो पनि सक्रिय रहेर, मर्यादापूर्ण तरीकाले गाऱ्हो कुरा हो । प्रतीक आज त्यही अवस्थामा उभिएको छ । बितेको चार वर्षदेखि, कोरोनाको सङ्क्रमणकालदेखि प्रतीकजस्ता सार्वजनिक संस्थाहरूको अवस्था सुस्त हुँदै गएको छ । कुनै पनि पत्रिका चल्ने विज्ञापनको भरमा हो । र हामीले देखी भोगिरहेको यथार्थ के हो भने आजको दिनमा पत्रिकाहरूमा विज्ञापन छैन । यो नहुनुमा देशमा आर्थिक गतिविधि मन्द हुनु प्रमुख पक्ष त हो नै, त्यस दिनदेखि उत्पादन क्षेत्रमा कहालिलाग्दो मन्दी आउनु पनि त्यतिकै जिम्मेवार छ । विज्ञापन उत्पादनको हुन्छ, उत्पादन स्वदेशी हुनुपर्छ, स्थानीय तहहरू यति सदाशय त अवश्य नै हुनुपर्दछ कि आफ्नो जमीनको यस्ता संस्थाहरूको उन्नयन नभए पनि अस्तित्वका लागि चिन्तनशील बनून् । जुन हाम्रो परिप्रेक्ष्यमा कठिन देखिन्छ । त्यसमा पनि प्रतिस्पर्धा त अरूको घाँटी रेटेर आफू बाँचू भन्ने खालको छ ।**

**यसै परिस्थितिमा प्रतीकमा पनि जेलिन पुगेको छ । तर पनि अति सहिष्णु मानसिकताका शुभेच्छुहरूको बलमा हिंडिरहेको छ । यस्तो हुनुमा प्रतीक एक्लो वा यसका सञ्चालकहरूको मात्र योगदान हो ठान्नु सरासर बेइमानी हुनेछ । लामो समयदेखि यस संस्थामा कार्यरत कर्मचारी, पत्रकार, लेखक, स्तम्भकारको अहर्निश परिश्रम, सदाशयता र शुभेच्छाले यो कठिन परिस्थिति सुगम बनेको छ । पाठक विज्ञापनदाता र प्रत्यक्ष–अप्रत्यक्ष यसमा समाहित सबैको निरन्तर मूल्याङ्कनले यसलाई अस्थिर हुन दिएको छैन । हो चाहेजति भौतिक उन्नति हुन सकेन । पक्का कुरा हो, किनकि हामीकहाँ पत्रकारिता भनेको भ्यागुताको धार्नी हो । यसै पनि विश्व परिवेशमा नै छापा माध्यमको शेखी खस्किरहेको अवस्था छ । तर आज पनि छापामाध्यमहरू अन्य सञ्चारमाध्यमभन्दा कम छैनन् । यो विश्वासिलो छ, सङ्ग्रहणीय छ । त्यही भएर जतिसुकै प्रतिकूलता होस्, जतिसुकै अप्ठ्यारो होस्, पत्रकारिताको धर्म र मर्मलाई पालना गर्दै सुधिजनको विश्वास, भरोसा र साथ पाएर प्रतीक यसै पानामा वर्णन गरिएका विश्व प्रकाशनहरूझैं आयुष्मान् बन्ने दिशातिर लम्किरहने छ । हाम्रा साथ निष्पक्ष, स्वनिर्भर सहयोगीहरूको दृश्य–अदृश्य साथ छ र रहिरहनेछ भन्ने विश्वासले मार्गदर्शन गरिरहनेछ ।**

# प्रतीक प्रकाशनको ३७औं वर्ष प्रवेश

सन्दर्भः प्रतीक दैनिकको ३७औं वार्षिकोत्सव




राजेश मिश्र
rajesh560107@gmail.com


**आलोचना गर्नु पत्रकारिताको धर्म हो । गालीगलौजमुक्त स्वच्छ आलोचना गर्न नसक्ने अखबारले नागरिकलाई सही सूचना दिन सक्दैन । आफ्नो पक्षमा समाचार छैन वा प्रतिकूल समाचार प्रवाह हुनासाथ पत्रिकाविरुद्ध खनिने प्रवृत्ति राजनीतिक दल र नेतामा समेत देखिएको छ ।**

आज प्रतीक दैनिकको ३७औं वार्षिकोत्सव मनाइँदैछ । विविध आरोह–अवरोहका बावजूद पत्रिका नियमित प्रकाशन हुँदै आएको छ । प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माको अथक प्रयास वर्तमान युवा पुस्ताका लागि उदाहरणीय छ । वृद्ध उमेर उहाँको जिम्मेवारी र जोशमा बाधक बन्न सकेको छैन । आज पनि सक्रियताका साथ दैनिक काम गर्नुहुन्छ ।

वार्षिकोत्सवको सन्दर्भ भएकोले आज विश्वजगत्मा पत्रपत्रिकाको उदय, प्रतीक दैनिकसँग सम्बन्धित विगत र आजको आवश्यकताबारे मेरो व्यक्तिगत अनुभव तथा विविध माध्यमबाट सङ्कलित स्रोतहरूको आधारमा तयार पारिएको वृत्तान्त प्रस्तुत छ–

“का समाचार बा ?” हालखबर जान्ने अभिप्रायले यो वाक्यांश कालान्तरदेखि प्रयोग हुँदै आइरहेको छ । आफन्तजन वा इष्टमित्रसँग भेट हुँदा उपरोक्त वाक्यांशबाट संवाद शुरू गरिन्थ्यो र आज पनि निरन्तर छ । आआफ्नो हालखबर एकअर्कालाई अवगत गराउने, त्यसपछि “सुनाईं ना गाँव–जवार के समाचार” भन्ने प्रश्न गरिन्थ्यो । यसबाट के अवगत हुन्छ भने मानिस समाचार जान्न जिज्ञासु हुन्छ । त्यस बेला जीवन प्रविधिशून्य थियो । यद्यपि गाउँनगरको समाचार मौखिक अद्यावधिक गरिन्थ्यो । मानव सभ्यता र प्रविधिको विकाससँगै मौजुद साधन स्रोतले समाचारपत्रबाट सूचना प्रवाहको क्रम शुरू भएको हो ।

नेपालको सेरोफेरोमा कुरा गर्ने हो भने गाउँघरमा पञ्चायती, गाउँसभा वा सामाजिक जमघट हेतु चौकीदारमार्फत सूचना प्रवाह गरिन्थ्यो । कालान्तरमा संसारका थुप्रै मुलुकमा पात र ढुङ्गामा लेखेर सूचना प्रवाह गर्ने चलन आयो । त्यसपछि कागजमा लेखेर चोक बजार वा भीडभाड हुने स्थलमा टाँस्ने प्रचलन शुरू भयो । समय बित्दै गयो र संसाधनको विकास हुँदै गयो । समयक्रमसँगै समाचार प्रवाह गर्ने अनौपचारिक प्रक्रियाले औपचारिकता पायो । उहिले प्रायःजसो मुलुम एकात्मक शासन प्रणालीमा आधारित थिए । राजा–रजौटाहरू व्यक्तिगत गुणगानका निम्ति सरकारी नाममा स्थापित सञ्चारमाध्यम व्यक्तिगत स्वार्थका निम्ति प्रयोग गर्दथे । नियम कानून उनीहरूको मुखमैं हुन्थ्यो । त्यस बेला व्यक्तिगत सञ्चार संस्थाहरूले सरकारको निर्देशन बमोजिम समाचार प्रवाह गर्नुपर्थ्यो । सरकारको अत्याचारविरुद्ध कलम चलाउने सञ्चारमाध्यमहरू विभिन्न खाले सरकारी वितण्डाको शिकार हुन्थे ।

विश्वव्यापीरूपमा प्रजातान्त्रिक शासन व्यवस्था बहाल हुन थालेपछि सञ्चार क्षेत्रको दायरा बृहत् हुँदै गयो । समय, परिस्थिति र संसाधनको विकासले सञ्चारमाध्यको स्थापना र पत्रपत्रिका वितरण कार्यले मानिसमा देश विदेशको समाचार जान्ने धोको बढ्दै गएको देखिन्छ ।

विभिन्न खाले अत्याचार र आम मानिसको हक, अधिकारको लडाइँमा समाचारपत्रहरूको भूमिका अभिन्न बन्न पुगेको हो । आज स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय, शिक्षा, अर्थ, पर्यटन, खेलकूद, मनोरञ्जन र स्तम्भ आदि विविध बिटमार्फत समाचार प्रवाह हुँदै आइरहेका छन् । इन्टरनेटको उदयले समाचारको बृहत् प्रवाह द्रुत गतिमा बढिरहेको छ ।

अखबारहरूको इतिहास केलाउँदा कालान्तरमा ढुङ्गाको स्लैब र घरको भित्तामा सूचना लेखिन्थ्यो । खासगरी पदाधिकारी नियुक्ति र बैठकका निर्णय आदि सूचनाहरू प्रवाह गरिन्थ्यो । त्यसपछि युरोपमा हातले लेखिएका सूचना पत्रहरू आउन थाले । त्यसमा मुद्राको उतार–चढाव र व्यापारका समाचारहरू लेखिन्थ्यो । १५औं शताब्दीमा योहान गुटेनबर्गले प्रिन्टिङ मेशिनको आविष्कार गरेपछि किताब मुद्रण र अखबारहरू प्रकाशित हुन थाले ।

**जापान**

सन् १८७४ देखि प्रकाशन शुरू भएको ‘योमुरी सिम्बुन’ शुरूमा साहित्यिक अखबारजस्तो लाग्थ्यो । सन् १९२४ मा स्वामित्व परिवर्तन भएयता समाचारपत्रका रूपमा स्थापित छ । त्यसैगरी, राजनीति र अन्तर्राष्ट्रिय समाचारका लागि नाम कमाएको ‘आसाही सिम्बुन’ २५ जनवरी १८७९ देखि प्रकाशन हुन थालेको हो । यसको पहिचान जापानको उदार र प्रगतिशील अखबारका रूपमा बनेको छ । त्यसैगरी, १८७२ मा शुरू भएको ‘मैनाची सिम्बुन’ जापानको सबैभन्दा पुरानो र निरन्तर प्रकाशित अखबार हो ।

**इटाली**

विश्वको सबैभन्दा पुरानो र जीवित अखबार इटालीको ‘ला गजेट डी मोन्टोभा’ हो । सन् १६६४ देखि प्रकाशन प्रारम्भ भएको यो अखबार अहिले पनि निरन्तर छ ।

**स्वीडेन**

स्वीडेनमा सन् १६४५ देखि प्रकाशित ‘पोस्ट ओक इन्रिक्स टिडनिन्गार’ सन् २००७ देखि छापा प्रकाशन स्थगित गरेर अनलाइन संस्करण शुरू गरेको छ ।

**रोम**

५९ ईसापूर्व ‘रोमन एक्टा डिउर्ना’ नामक पत्रिका प्रकाशित भएको थियो । जुलियस सिजरले राजनीतिक र सामाजिक घटनाहरूबारे प्रकाशित पत्रिका शहरका मुख्य स्थानहरूमा पठाउँथे ।

**चीन**

चीनमा आठौं शताब्दीमा हस्तलिखित समाचारपत्रहरू प्रचलित भएको इतिहास छ । त्यो समाचारपत्र एक पृष्ठको जानकारी पुस्तिकाजस्तो हुन्थ्यो ।

**नेदरल्यान्ड**

सन् १६५६ देखि नेदरल्यान्डको ‘हारलेम्स डागब्लाड’ निरन्तर छापिंदै आएकोमा पछिल्लो समय स्वरूप परिवर्तन गरेको छ । पुरानोमध्येको लन्डन गजेट शुरूमा ‘दी अक्सफोर्ड गजेट‘ नामले प्रकाशन हुने गर्थ्यो । सरकारी प्रकाशनका रूपमा रहेको यो अखबार ७ नोभेम्बर १९६५ देखि २९ भाषामा प्रकाशित हुने गर्छ ।

**भारत**

भारत विश्वकै धेरै समाचार प्रकाशन हुने दोस्रो देशमा पर्दछ । भारतमा १० हजारभन्दा बढी प्रकाशन दर्ता भएका छन् । भारतमा अखबारहरूको लामो इतिहास छ । गुजराती भाषाको ‘बम्बे समाचार’ सन् १८२२ देखि प्रकाशन शुरू भएको हो । यो एशियाकै सबैभन्दा पुरानो र नियमित प्रकाशन हुँदै आएको अखबार हो ।

३०, मई १८२६ मा पहिलो हिन्दी साप्ताहिक पत्रिका ‘उडन्त मार्तण्ड’ प्रकाशित भएको थियो । ‘उडन्त–मार्तण्ड’को सुरुआतले भाषिक तहमा मानिसहरूलाई एक सूत्रमा बाँध्ने प्रयास गरेको थियो । त्यो पत्रिका अङ्ग्रेज शासनबाट भयभीत, पीडित र मौन हजारौं मानिसको मुखपत्र थियो । पछि हिन्दी भाषामा अनेकौं अखबारको उदय भयो । ती अखबारहरू भारतमा क्रान्तिकारी परिवर्तन र स्वतन्त्रताको संवाहक बने ।

त्यसैगरी, अङ्ग्रेजी भाषामा प्रकाशित हुने ‘दी टाइम्स अफ इन्डिया’ ३ नोभेम्बर १८३८ देखि निरन्तर प्रकाशित भइरहेको छ । स्थापनाको १२ वर्षपछि सन् १८५० देखि यो दैनिक प्रकाशित हुन थाल्यो । १८६१ देखि यसको नाम ‘दी टाइम्स अफ इन्डिया’ राखिएको हो ।

**नेपाल**

गोरखापत्र ९ वैशाख १९९१ देखि शुक्रवार प्रकाशित हुन थाल्यो । शुरूमा सोमवार, त्यसपछि मङ्गलवार र शुक्रवार प्रकाशन हुन थालेको यो अखबार ८ पुस २००३ देखि हप्तामा तीन दिन निस्कन लागेको थियो । ७ फागुन २०१७ देखि दैनिक भयो । विसं २०४६ को परिवर्तनपछि अनेकौं राष्ट्रिय अखबारहरूको उदय भएको हो ।

**वीरगंज**

विसं २०४३ भदौ १ गतेदेखि प्रतीक साप्ताहिकको प्रकाशन प्रारम्भ भएको हो । त्यति बेला वीरगंजमा न्यून सङ्ख्याका साप्ताहिक पत्रपत्रिकाहरू थिए । प्रतीक दैनिकको विसं २०४३ देखि २०५२ सम्म अर्थात् शुरूको नौ वर्ष साप्ताहिक प्रकाशन भयो । त्यसपछि दैनिक पत्रिकामा रूपान्तरण भयो । प्रतीक दैनिक २०४६ को आन्दोलन, माओवादी द्वन्दकाल, विसं २०५९ मा राजा वीरेन्द्रको हत्या, विसं २०६१ मा ज्ञानेन्द्र शाहको सत्ता, विसं २०६२/६३ को जनान्दोलन र २०७२ को मधेस आन्दोलन आदि विविध परिवर्तन र राष्ट्रिय घटनाक्रमहरूको साक्षी हो ।

२०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्र शाह प्रधानमन्त्री शेरबहादुर देउवालाई पदच्युत गरी सत्तामा हाबी भए । पहिलो निशाना सञ्चारमाध्यम थिए । त्यस दिनको एउटा घटना आज पनि मेरो मस्तिष्कमा ताजा छ । पर्साको विजयबस्तीबाट सुन्तली श्रेष्ठले प्रतीक दैनिकमा ग्रामीण क्षेत्रका तस्वीरहरू पठाउँथिन् । माघ १९ गते उनले प्रतीक दैनिकको कार्यालयमा कैयौंपटक फोन गरिन्, तर फोन उठेन । म वीरगंजबाट प्रकाशित हुने अर्को पत्रिकाको पोखरिया संवाददाता थिएँ । ग्रामीण क्षेत्रका हामी संवाददाताहरूबीच आवश्यकता अनुसार कुराकानी हुन्थ्यो ।

साँझ करीब सात बजे सुन्तलीले मलाई फोन गरिन् । प्रतीकको कार्यालयमा फोन नउठेको कुरा सुनाइन् । मैले पनि दुई/चार पटक फोन गरें तर उठेन । पछि थाहा भयो शाही सेनाको टोली प्रतीक दैनिकको कार्यालयमा प्रवेश गरेको थियो । पत्रिका प्रकाशन नगर्ने उर्दी जारी गरेको थियो ।

आलोचना गर्नु पत्रकारिताको धर्म हो । गालीगलौजबाट मुक्त भएर स्वच्छ आलोचना गर्न नसक्ने अखबारले नागरिकलाई सही सूचना दिन सक्दैन । कमजोरी औंल्याउनु पत्रकारिताको दायित्व पनि हो । आफ्नो पक्षमा समाचार नहुनेबित्तिकै वा आफ्नो प्रतिकूल समाचार प्रवाह हुनासाथ पत्रिकाविरुद्ध खनिने प्रवृत्ति आजको कथित नयाँ पुस्ताका राजनीतिक दल र नेतामा समेत देखिएको छ । यो अवस्थामा पत्रकारिताको धर्म रक्षा गर्दै प्रतीक दैनिक निरन्तर अघि बढिरहोस् भन्ने शुभकामना दिन चाहन्छु ।

यसै सेरोफोरोमा विभिन्न क्षेत्रका पाठकहरूबाट प्राप्त भावना, चाहना र सुझावको सङ्क्षिप्त अंश प्रस्तुत छ :-

**गणेश लाठ**
उद्योगपति/साहित्यकार



प्रतीक दैनिकलाई चिनेको झन्डै तीन दशक बढी भयो । प्रतीक दैनिकभन्दा पहिले मोचा साप्ताहिक आउँथ्यो । जगदीश सर सम्मिलित टीमको नेतृत्वमा प्रकाशित हुन्थ्यो । त्यसपछि उहाँले प्रतीक दैनिक प्रकाशित गर्नुभयो । समाचारहरू सन्तुलित हुन्छन् । प्रतीक दैनिकको कार्यशैली सन्तोषजनकभन्दा पनि एक तहमाथि छ । थोरैमा सबै प्रकारको खुराक उपलब्ध हुन्छ । सम्पादकीय उच्च स्तरको पढ्न पाइन्छ । समाचार, साहित्य र आर्थिक सबैथोक पढ्न पाइन्छ । त्यसैले म भन्छु प्रतीक दैनिक प्रथम श्रेणीको पत्रिका हो । प्रतीक दैनिक अब रङ्गीन प्रकाशन होस् भन्ने शुभेच्छा छ । प्रतीक प्रकाशन समूहका आदरणीय प्रधानसम्पादक जगदीशप्रसाद शर्मासँगै आबद्ध समस्त टीमलाई मेरो तर्फबाट ३७औं वार्षिकोत्सवको पुनीत उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछु ।

**रुद्रलाल श्रेष्ठ**
निजगढ नगरपालिका–९



अबका पत्रपत्रिकाहरूमा त जनताका कुराहरू नै आइरहेका छन् । कहाँ के भइरहेको छ भन्ने कुरा थाहा पाउनका लागि नियमित पढ्दै आइरहेको छु । जनताका कुराहरू अझ बढी आओस् भन्ने चाहन्छु । आजको समयमा जनतालाई राजनीतिक दलहरूले झुक्याउने काम गर्दै आइरहेका छन् । त्यस कारण अत्याचार र अन्यायविरुद्ध सञ्चारमाध्यमहरू सशक्त रूपमा खडा हुनुको विकल्प छैन ।

**जगन्नाथप्रसाद केशरी**
(अध्यक्ष, नागरिक समाज, गौर, रौतहट)



प्रतीक दैनिक पत्रिका ग्रासरूटमा रहेको जनताको सुखदुःखको आवाज उठाउने एउटा राम्रो दैनिक हो । समाजमा घट्ने घटनाहरूको समाचारले यो पत्रिकाले राम्रो स्थान पाएको छ । तसर्थ यस पत्रिकाप्रति सामाजिक चासो उच्च छ । सबैभन्दा बढी पर्साको समाचारले ग्राह्यता पाइरहेकोमा रौतहटलगायत मधेस प्रदेशका अन्य जिल्लाहरूको समाचार पनि सम्प्रेषण भएमा अझ बढी राम्रो हुने थियो भन्ने मेरो सुझाव छ । ३६ वर्ष पूरा गरी ३७औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**सुरेशप्रसाद साह**
(जीतपुरसिमरा उमनपा–७)



करीब बाऱ्ह वर्षदेखि म प्रतीक दैनिकको नियमित पाठक हुँ । स्थानीय समाचारलाई प्राथमिकता दिइन्छ जुन राम्रो पक्ष हो । पत्रिकाको पृष्ठ सङ्ख्या थप गर्दा अझ राम्रो हुन्थ्योजस्तो मलाई लाग्छ । ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमहरूको समाचार आइरहन्छ । यस्ता समाचारहरूले ज्येष्ठ नागरिकबारे अद्यावधिक हुन्छु र मलाई धेरै मन पर्छ । यसको अलावा सबै प्रकारका मिश्रित खबरहरू आइरहन्छ । प्रतीक दैनिकको ३७ औं वार्षिकोत्सवको शुभ उपलक्ष्यमा असीम शुभकामना व्यक्त गर्दछु ।

**राकेश पाण्डेय**
कलैया, बारा



प्रतीक दैनिक सर्वप्रिय पत्रिका हो । यसमा दुईमत छैन । यद्यपि कलैया आसपासका समाचार पहिलेजस्तो आइरहेको छैन । यति धेरै चर्चित र पुरानो पत्रिका हो । रङ्गीनका साथै पृष्ठ सङ्ख्या थप गरेमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## उत्तर आधुनिकताको दुःखद आर्थिक पक्ष

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**मोबाइलको मात्र एउटा उदाहरणले यो चलिरहेको उत्तर आधुनिक युगमा त्यस्ता वस्तुहरूमात्र ठूलो सङ्ख्यामा बजारमा आउँछन् जुन उत्पादन गर्दा उत्पादक र बिक्रेतालाई ठूलो मुनाफा हात परोस् भन्ने तथ्यलाई टडकारोरूपमा पुष्टि गर्दछ ।**

अहिलेको यो युगलाई उत्तर आधुनिक युग भन्ने गरिएको छ। यो युग कहिलेदेखि प्रारम्भ भयो, भन्न कठिन छ । तर अनुमान भने लगाउन सकिन्छ। जबदेखि मानव जीवनलाई 'इन्टरनेट' ले अति प्रभाव पार्‍यो, व्यक्तिहरू घरमा हुन् वा कार्यालयमा, बढी समय सोसल मेडियामा अति व्यस्त हुन थाले, त्यो समयदेखि उत्तर आधुनिक युग प्रारम्भ भएको मान्न सकिन्छ। सन् २००० को हाराहारीदेखि उत्तर आधुनिक युग सतहमा आएको भनी एक किसिमको धारणा निर्माण गर्न सकिन्छ। हुनत यो धारणा कहिलेदेखि प्रारम्भ भयो भन्ने विषय वा प्रश्नले अझै धेरै बहस र प्रमाणहरू माग गर्दछ । भविष्यमा यसबारे अझै गहन चिन्तन र मनन हुने नै छ।

उत्तर आधुनिकताको प्रभाव जति सामाजिक जीवनमा परेको छ त्योभन्दा बढी आर्थिक जीवनमा परेको छ । सकारात्मकभन्दा नकारात्मक प्रभाव बढी परेको छ। उत्तर आधुनिकताले हाम्रो जीवनमा अनेक परिवर्तन ल्यायो । र ल्याउने क्रम अझै जारी छ । तर चिन्ताको विषय के छ भने उत्तर आधुनिकताले हाम्रो जीवनमा सकारात्मक भन्दा नकारात्मक परिवर्तनहरू बढी ल्याइरहेको छ। सुखदभन्दा अति दुःखद परिवर्तनहरू ल्याइरहेको छ। अझै ठूलो चिन्ताको विषय के छ भने ती दुःखद र नकारात्मक परिवर्तनलाई हामी सहर्ष स्वीकार गरिरहेका छौं। अर्को किसिमले भन्ने हो भने हामी ती दुःखद एवं नकारात्मक परिवर्तनको पछाडि दौडिरहेका छौं। अज्ञानताले होइन, पूर्ण ज्ञानका साथ।

यस आलेखमा अहिले चलिरहेको उत्तर आधुनिकताले हाम्रो आर्थिक जीवनमा ल्याएको केवल केही दुःखद पक्षको मात्र चर्चा गर्ने प्रयास गरिएको छ।

केही दशक पहिलेसम्म पनि उत्पादकहरूले त्यही वस्तु वा सेवा उत्पादन गर्दथे जुन उपभोक्ताहरूको माग अर्थात आवश्यकता अनुसारको हुन्थ्यो। उपभोक्ताले माग गरेका वस्तु एवं सेवा मात्र उत्पादन हुन्थ्यो । तर अहिले बजारमा त्यस्ता वस्तुहरूको उत्पादन बढी मात्रामा भइरहेको छ जुन उपभोक्ताहरूको माग अनुसारको छैन । त्यस्तो हो भने कस्ता वस्तुहरू अहिले बजारमा बढी उत्पादन भइरहेका छन् ?

अहिले त्यस्ता वस्तु एवं सेवाहरूको उत्पादन अत्यधिक भइरहेको छ, जुन उत्पादन गर्दा उत्पादक एवं बिक्रेताहरूलाई बढी फाइदा भइरहेको छ। अर्को शब्दमा भन्ने हो भने अहिले उत्पादकहरूलाई जुन वस्तु उत्पादन गर्दा बढी मुनाफा हुन्छ त्यस्ता वस्तुको उत्पादन भइरहेको छ, ती वस्तुहरू उपभोक्तालाई आवश्यक नभए पनि । अहिलेको बजारलाई पूर्णरूपले मुनाफाले निर्देशित गरिरहेको छ।

एकातिर बजारबाट नैतिकता र मानवता हराउँदै गएको छ भने अर्कोतिर मुनाफाको वर्चस्व बढ्दै गएको छ। हाम्रो समाज अहिले मानवता केन्द्रित होइन, मुनाफा केन्द्रित भएको छ। मुनाफाको वरिपरि सम्पूर्ण सामाजिक गतिविधि घुमिरहेको छ।

दिनभरिमा उपलब्ध समय (बिहान ओछ्यानबाट उठेदेखि राति ओछ्यानमा नजाँदासम्म) को ठूलो भाग अहिले हामी मोबाइल (सेलफोन) मा खर्च गरिरहेका छौं। हाम्रो जीवन अहिले मोबाइल आश्रित हुन पुगेको छ । अहिले प्रायः सबैको हातमा मोबाइल छ, सबैको छातीमा फोक्सो भएजस्तो। जसरी फोक्सो नभए हामी बाँच्न सक्तैनौं त्यसैगरी मोबाइल नभए बाँच्न नसक्ने स्थितिमा पुगेका छौं। तर सोंचौं ! के मोबाइल हाम्रो आवश्यकताको वस्तु हो ? यो आवश्कताको वस्तु होइन। यसको अनुपस्थितिमा पनि मानव जीवन चलेको थियो। मानव जीवन रोकिएको थिएन।

क्यामराको उत्पादन बन्द गराउने, क्यालेन्डरको उत्पादन बन्द वा कम गराउने, रेडियोको उत्पाउन बन्द गराउने, घडीको उत्पादन बन्द गराउने, पत्रपत्रिकाहरूको प्रकाशन कम वा बन्द गराउने, किताबहरूको प्रकाशन कम गराउने, मानव सम्बन्ध साँघुरो बनाउने यस्ता अनेक (कु)कार्य गर्ने मोबाइल के हाम्रो आवश्यकताको वस्तु हो? यो हाम्रो आवश्यकताको वस्तुभन्दा उत्पादक र बिक्रेताहरूको लागि अति मुनाफा दिलाउने वस्तु हो। उत्पादकहरूले मुनाफाका लागि मोबाइल बजारमा ल्याएका हुन्।

सामान्य वस्तुको उत्पादन र बिक्री भन्दा मोबाइलको बिक्री र उत्पादनबाट उत्पादक र बिक्रेता दुवैले अत्यधिक मुनाफा आर्जन गरिरहेका छन्। उत्पादक र बिक्रेता, मोबाइलको उत्पादनले गर्दा, ठूलो मुनाफा हात पार्ने, अत्यधिक धन आर्जन गर्ने स्थितिमा पुगेका छन् । साथै मोबाइलको अत्यधिक उत्पादनले केही सीमित व्यक्ति (उत्पादक) हरू ज्यादै धनी हुने स्थिति सृजना भएको छ । अर्थात् राष्ट्रिय आय वितरण कार्य असन्तुलित हुन सघाउ पुगेको छ।

घडी, रेडियो आदिका उत्पादक, बिक्रेता, मरम्मतकर्ता सबैको रोजगार हरण गर्ने मोबाइलले मानव सभ्यतालाई लाभभन्दा बढी हानि पुर्‍याइरहेको छ। अहिले बालबलिकाहरू पनि आफ्ना दौंतरीहरूसँग खेल्नुका साटो मोबाइलमा अनेक भिडियो हेर्न रुचाउँछन्। उनीहरूको 'भौतिक खेल' स्थल अहिले मोबाइल हुन पुगेको छ। उनीहरूको उपलब्ध समयको ठूलो भाग मोबाइलमा अनेक भिडियो हेर्न खर्च भइरहेको छ । तर बालबालिकाहरूको शारीरिक र मानसिक विकासका लागि मोबाइलको भिडियो भन्दा भौतिक क्रीडा आवश्यक हुन्छ।

मानव सभ्यतालाई प्रतिकूल प्रभाव पार्ने भए तापनि मोबाइलको उत्पादन र बिक्रीमा कमी आएको छैन। किन होला ? उत्तर अति सरल छ। मोबाइल उत्पादन गर्दा बिक्रेता र उत्पादकलाई बढी मुनाफा भइरहेको छ। अन्य वस्तुको स्वीकार्यता भन्दा मोबाइलको स्वीकार्यता अत्यधिक छ। चश्मा लगाउन कसैलाई मन नपर्न सक्छ तर मोबाइल राख्नु वा हुनु सबैलाई मन पर्ने स्थिति छ।

मोबाइलको मात्र एउटा उदाहरणले यो चलिरहेको उत्तर आधुनिक युगमा त्यस्ता वस्तुहरूमात्र ठूलो सङ्ख्यामा बजारमा आउँछन् जुन उत्पादन गर्दा उत्पादक र बिक्रेतालाई ठूलो मुनाफा हात परोस् भन्ने तथ्यलाई टडकारोरूपमा पुष्टि गर्दछ।

उत्तर आधुनिक युगमा हाम्रो जीवनलाई मानवताभन्दा बढी मुनाफाले निर्देशित गरिरहेको छ। यो विषयमाथि नै चर्चा गरिसकिएको छ। यो विषयलाई पुनः एक अर्को तथ्यसँग जोडेर हेरौं।

अहिले बजारमा त्यस्ता तरकारीमात्र देखा पर्दछन् जुन उत्पादन गर्दा उत्पादकलाई बढी मुनाफा होस् । त्यो तरकारी खाएर उपभोक्ताको स्वास्थ्यलाई फाइदा हुन्छ कि हुँदैन भन्ने विषयले महत्त्व पाउँदैन । त्यो तरकारी बिक्री गरेर उत्पादक तथा बिक्रेतालाई कति आर्थिक फाइदा हुन्छ वा हुनेछ भन्ने विषयले महत्त्व पाइरहेको छ । परिणाम, अहिले उपभोक्ताको स्वास्थ्यलाई हितकर हुने भन्दा पनि उत्पादक र बिक्रेतालाई हितकर (मुनाफा) हुने तरकारीहरूको उत्पादन एवं बिक्री भइरहेको छ।

यो उत्तर आधुनिक युगले धेरै जग्गा लिएर थोरै फल्ने (उत्पादकलाई कम नाफा हुने), तर उपभोक्ताको स्वास्थ्यको लागि हितकर हुने तरकारी उत्पादन गरिरहेको छैन। बरु थोरै जग्गा लिएर धेरै फल्ने (उत्पादकलाई अति नाफा हुने) तर उपभोक्ताको स्वास्थ्यको लागि अहितकर हुने तरकारी उत्पादन भइरहेको छ । स्मरण होस्, अहिले तरकारीका उत्पादकहरूले तरकारीको परिमाण, रंग, स्वाद, स्वरूप आफूले खोजे अनुसारको परिवर्तन ल्याउन ठूलो मात्रामा विषादि, प्रविधि आदि प्रयोग गरिरहेका छन्। अर्थात् कम लगानी गरेर ठूलो मुनाफा हात पार्न कृषकहरूबाट ठूलो मात्रामा विषादि प्रयोग भइरहेको छ।

तरकारी उत्पादनमा प्रयोग हुने विषादि आज खायो भोलि नै स्वास्थ्यमा कुअसर नदेखिने तर वर्षौंपछि देखिने भएकोले त्यस बेला उपभोक्ताको स्वास्थ्य स्थिति कस्तो हुने हो, सोचनीय विषय हुन पुगेको छ।

यो उत्तर आधुनिक युगमा हामी मानव सभ्यता विकासतर्फ अग्रसर छौं कि विनाशतर्फ ? यो विषयमा बहस गर्न अब ढिलो गर्नुहुँदैन।



**टनेल खेती :** तारकेश्वर नगरपालिका–५ स्थित गोलढुङ्गाका किसानले व्यावसायिकरूपमा गरेको तरकारीखेतीका टनेल र वरिपरि रहेको धानखेती। तस्वीरः रासस

## नेपालको बिजुली बङ्गलादेश बिक्रीका लागि सहमति, पहिलो चरणमा ४० मेगावाट जाने

रमेश लम्साल/रासस
काठमाडौं, ३२ साउन/

नेपालको बिजुली बङ्गलादेश निर्यात गर्न आवश्यक बहुपक्षीय सहमति भएको छ । सरकारी अधिकारीका अनुसार नेपालले त्यसलाई प्रारम्भिक सहमति भनेर अर्थ्याएको छ। नेपाल, भारत र बङ्गलादेशबीच बिजुली निर्यातका लागि आवश्यक सहमति भएको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले जानकारी दिएको छ। प्रारम्भिक चरणमा बङ्गलादेशले नेपालबाट ४० मेगावाट बराबर बिजुली लैजाने जनाएको छ।



हाललाई ४० मेगावाट धेरै नभए पनि नेपालको बिजुली तेस्रो देश निर्यात गर्ने विषय भने महत्त्वपूर्ण रहेको यस क्षेत्रका जानकारहरूको भनाइ छ। नेपाल विद्युत् प्राधिकरणले भारतीय नोडल एजेन्सी एनभिभिएनले बङ्गलादेश निर्यातका लागि सहमति गरिसकेको छ। सोही संस्थामार्फत नेपालको बिजुली बङ्गलादेश पुग्नेछ । बिजुली निर्यातका लागि आवश्यक सहमति भएको र केही विषय बाँकी रहे पनि त्यसलाई छिट्टै टुङ्गोमा पुर्‍याइने प्राधिकरणका प्रबल अधिकारीले जानकारी दिए ।

इमेल आदानप्रदान गरेर एकापसमा सहमति जनाइएको र त्यसलाई भौतिक उपस्थितिमा नै दुई देशका अधिकारीले हस्ताक्षर गर्ने सहमति भएको छ। कुन आयोजनाको बिजुली बङ्गलादेश पठाउने, प्रतियुनिट कति मूल्य लिने र प्रसारण शुल्कबापत भारतीय कम्पनीलाई के कति भुक्तानी गर्ने भन्ने विषयमा सहमति हुन बाँकी छ। यसलाई निष्कर्षमा पुर्‍याउन धेरै समय नलाग्ने यसमा संलग्न पदाधिकारीको भनाइ छ। स्वतन्त्र ऊर्जा उत्पादक संस्था नेपाल (इपान)का अध्यक्ष गणेश कार्कीका अनुसार तत्कालका लागि कति मात्रामा बङ्गलादेश बिजुली पठाउन लागियो भन्नेभन्दा पनि बाटो खुल्यो भन्ने विषय महत्त्वपूर्ण हो ।

यसले नेपालको बिजुली तेस्रो देश पनि निर्यात हुन थाल्यो भन्ने सन्देश प्रवाह हुने र लगानी भित्र्याउन सहज हुने उनको भनाइ छ। अध्यक्ष कार्कीले निजी क्षेत्रलाई पनि बिजुली निर्यातका लागि अनुमति दिन आग्रह गरे। "हामीले अनुमति पाएको खण्डमा भारत र बङ्गलादेशका निजी क्षेत्रसँग छलफल गरेर थप निर्यातका लागि मार्ग प्रशस्त गर्न सक्छौं"–उनले भने–"यसमा सरकार र निजी क्षेत्र दुवैको साझा प्रयास हुनु जरूरी छ। हामी त्यसका लागि तयार छौं। "

सन् २०४० सम्म बङ्गलादेशले नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने आफ्नो रणनीतिक योजनामा समावेश गरेको छ । हाल भारतले बङ्गलादेशलाई बिजुली निर्यात गरिरहेको छ । स्वच्छ ऊर्जाको खोजीमा रहेको बङ्गलादेशले नेपालका केही महत्त्वपूर्ण आयोजनामा लगानीका लागि चासोसमेत व्यक्त गरेको छ । गत जेठ २ मा बङ्गलादेशमा सम्पन्न नेपाल बङ्गलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले बिजुली निर्यात गर्ने निर्णय गरेको थियो । सो बैठकले अन्तरदेशीय प्रसारण लाइनको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तरदेशीय विद्युत् आयात निर्यात गर्नेलगायत विषयमा गम्भीर छलफल भएको थियो ।

सोही बैठकले ४० मेगावाट बिजुली निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण, एनटिपिसी विद्युत् व्यापार निगम, भारत र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच विद्युत् बिक्री सम्झौतामा यथाशीघ्र हस्ताक्षर गर्ने सहमति भएको थियो। सोही सहमति अनुसार त्रिपक्षीय सम्झौता भएको हो । नेपालबाट खरीद गर्ने बिजुलीको दरका विषयमा आवश्यक निर्णय गर्न एक समिति आवश्यक पर्ने बङ्गलादेशको नियम छ । सो समितिमा रहने सदस्यको नामसमेत प्रस्ताव भइसकेको बङ्गलादेशले जानकारी दिएको छ ।

नेपालका तर्फबाट यही भदौको दोस्रो सातासम्म आवश्यक सबै प्रक्रिया टुङ्गो लगाउन प्रस्ताव गरिएको छ। सबै प्रक्रिया मिलाएर निर्यात शुरू गरिहाल्ने योजना तय गरिएको छ। "वर्षायामको बिजुली नै 'टोकन'का रूपमा पठाउन लागिएको हो । हिउँद लागेपछि त्यसको कुनै सम्भावना नै रहन्न। सोही भएर हामीले आवश्यक तयारी छिटोछिटो गरिरहेका छौं"–यस प्रक्रियामा सहभागी ऊर्जा मन्त्रालयका एक सहसचिवले भने–"दुई देशका ऊर्जा सचिवस्तरीय बैठकले गरेको निर्णय क्रमशः कार्यान्वयनको चरणमा प्रवेश गरेको छ।"

नेपाल र भारतका ऊर्जा सचिवबीच गत फागुनमा सम्पन्न १०औं बैठकमा बङ्गलादेश बिजुली निर्यातका लागि आवश्यक सहमति भएको थियो । तत्कालका लागि ५० मेगावाट बिजुली निर्यातका लागि भारतीय प्रसारण प्रणाली प्रयोग गर्न दिन भारतीय पक्ष सहमत भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को पछिल्लो भारत भ्रमणमा समेत यस विषयमा महत्त्वपूर्ण सहमति भएको छ। आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्नेदेखि नेपालको बिजुली बङ्गलादेश निर्यातका लागिसमेत भारत सहमत भएको थियो।

कुल ६८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो आयोजना निर्माणका लागि आवश्यक पूर्वतयारीसमेत भइरहेको छ। गत जेठमा सम्पन्न नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकले छ महीनाभित्र आयोजना विकासका लागि संयुक्त उपक्रम तयार पार्ने सहमति गरेको थियो । बङ्गलादेशले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली खरीद गर्ने तयारी गरेको छ । यद्यपि सो आयोजनाको प्रवर्द्धक ग्रान्धी मल्लिकार्जुन राव (जिएमआर)ले वित्तीय व्यवस्थापन गर्न नसक्दा अगाडि बढ्न सकेको छैन।

लगानी बोर्डको प्रस्तावमा सरकारले आयोजनाको म्याद अन्तिमपटक दुई वर्षका लागि थप गरेपनि हालसम्म कुनै प्रगति हुन सकेको छैन । नेपाल र बङ्गलादेशबीच भारतीय भूमि प्रयोग गरेर 'डेडिकेटेड' रूपमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने विषयमा समेत सहमति भएको छ । नेपालको प्राधिकरण र बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच सहमति गरेर छिट्टै बिजुली निर्यातका लागि आवश्यक निर्णय गर्ने तयारी गरिएको छ।

# आर्थिक वृद्धिको बाधक भ्रष्टाचार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**भ्रष्टाचार गरीबीले मात्र हुँदैन, खराब प्रवृत्ति, मानसिकता र संस्कार प्रमुख कारक हो । भ्रष्टाचार भनेको अपराध पनि हो । यसले मानिस, परिवार, समाज र देशलाई नै बहुआयामिकरूपमा नकारात्मक असर पार्छ । यसले देश र नागरिकलाई गरीबीको कुचक्रमा फसाउने कार्य गर्छ ।**

नेपालमा भ्रष्टाचार हरेक क्षेत्रमा झाँगिदै गएको छ । महामारी रोगका रूपमा फैलिने भ्रष्टाचारको प्रभाव मुलुकको सभ्य समाजदेखि अविकसित र कमजोर समाजसम्म फैलिएको छ । भ्रष्टाचारको प्रवृत्ति माथिल्लो तहका राजनीतिक वा प्रशासनिक नेतृत्वलगायत तल्लो तहका राजनीतिक कार्यकर्तादेखि कर्मचारीसम्म भएको पाइन्छ। सरकारी वा गैरसरकारी, निजी वा सार्वजनिक, व्यक्तिगत वा समूहगत, संस्थागत वा सहकारीगत सबै किसिमका क्षेत्र वा कार्यमा यसको प्रभाव प्रत्यक्ष वा परोक्ष रूपमा रहेको छ । भ्रष्टाचार हुनुमा सर्वव्यापी र सर्वस्वीकार्य एउटै प्रकृतिका कारण हुँदैनन्। भौगोलिक क्षेत्र, समाज, कार्य क्षेत्र, व्यक्ति, आर्थिक एवं सामाजिक परिवेश आदिले भ्रष्टाचारको वातावरण तयार भएको हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भएपछिका अवधिमा भ्रष्टाचार संस्थागत र पार्टीगत भएका कुरा सुनकाण्ड, बालुवाटारस्थित ललिता निवास र त्यसले चर्चेको सरकारी जग्गा हिनामिना तथा नक्कली भूटानी शरणार्थी प्रकरणले प्रस्ट पारेको छ ।

विकासोन्मुख मुलुकको सन्दर्भमा भ्रष्टाचार हुनुमा केही कारण सूचीबद्ध गर्न सकिन्छ। ती हुन् : गरीबी, सम्पन्न र विपन्नबीच उच्च अन्तर, गैरआर्थिक आर्जनविरुद्ध कमजोर सरकारी निगरानी, फजुल खर्च, धन हुनेलाई सम्मान गर्ने सामाजिक मान्यता, भ्रष्टाचारविरुद्ध सहकार्यको कमी। यसका साथै भ्रष्टाचार नियन्त्रणका लागि ठोस योजना, नीति र रणनीति नियमितता गर्न राजनीतिक सहमति र प्रतिबद्धताको कमी पनि कारण हो । मुख्य कारण त भ्रष्टाचारमा राजनीतिक नेतृत्वकै सहभागिता हो । राजनीतिक दलहरूको आडभरोसाकै कारण भ्रष्टाचारीहरू पक्राउ पर्दैनन् । मुलुकको प्रशासनिक संरचना, कार्यसंस्कार एवं कार्य पद्धतिमा समसामयिक सुधार हुन नसक्दा सेवाग्राहीले अपेक्षित सेवा प्राप्त गर्न सकेको छैन। प्रशासनिक सुधारका लागि निरन्तर प्रयास भए पनि व्यवहारमा महसूस हुन नसकेको अवस्था छ। कमजोर कर्मचारी व्यवस्थापनका कारण पनि भ्रष्टाचार हुने गरेको छ। प्रक्रिया उन्मुख कार्य प्रणाली पनि भ्रष्टाचार हुनुको एउटा कारण हो। त्यस्तै कर्मचारीमा जिम्मेवारी पन्छाउने, जवाफदेह नबन्ने प्रवृत्ति र यथास्थितिवादी सोच एवं कार्यशैली पनि भ्रष्टाचारको प्रमुख कारणका रूपमा लिने गरिन्छ । सार्वजनिक क्रियाकलापलाई पारदर्शी नगराउनु भ्रष्टाचारको अर्को मुख्य कारण हो। सरकारी निकायबीच समन्वयको अभाव, अस्पष्ट, विवादित, प्रक्रिया उन्मुख नियम, कानून र प्रक्रिया अनुसरण, प्रशासनिक संरचनासमेत भ्रष्टाचारका लागि जिम्मेवार हुन्छन्।

जनचेतनाको कमीले पनि भ्रष्टाचारलाई बढावा दिन्छ। समाजमा भ्रष्टाचारबाट कमाएको सम्पत्तिको सम्मान गर्ने प्रवृत्ति रहेसम्म भ्रष्टाचार पनि कायम रहन्छ।

कार्यालयको कमजोर अवस्था पनि भ्रष्टाचारका लागि उपयुक्त आधार हुने गर्छ। कमजोर अवस्थालाई आधार बनाई कर्मचारी आफ्नो जिम्मेवारीमा सक्रिय नहुने, जिम्मेवारी पन्छाउने, ढिलासुस्ती गर्ने, अनावश्यक प्रक्रिया सृजना गर्ने, गोपनीयताका नाममा अन्योल सिर्जना गर्ने, झूटा सूचना वा आश्वासन दिनेजस्ता काम गर्छन्, जसले सेवाग्राही वा सेवाग्राहीका सहयोगीका रूपमा आउने मध्यस्थकर्तालाई भ्रष्टाचारमा संलग्न हुन बाध्यात्मक अवस्था सृजना गर्न सक्छन्। भ्रष्टाचारीहरू मिलीभगत शैलीमा अझ मजबूत र सङ्गठित हुँदै गएका छन् । भ्रष्टाचार नियन्त्रण कार्यमा संलग्न भएका संस्थालाई छल्ने, निष्फल गराउने सङ्गठित प्रयास भएको महसूस भएको छ । यस सन्दर्भमा राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, सञ्चारकर्मी, स्थानीय सङ्घसंस्था, नागरिक समाज, बौद्धिक वर्ग भ्रष्टाचार नियन्त्रणका कार्यमा अग्रसर हुनुपर्छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको प्रतिवेदनमा विश्वको बढी भ्रष्ट मुलुकको सूचीमा नेपाल ११० औं स्थानमा छ । यस अघि सन् २०१८ मा नेपालको स्थान १२४ औं थियो। विश्वमा भ्रष्टाचार बढी हुनुमा सामाजिक चेतना, शिक्षा प्रणाली, संस्कार, संस्कृति, सामाजिक नैतिकता, राज्यको कानून र कानून कार्यान्वयन गर्ने निकायको व्यवहारजस्ता पक्षले प्रभाव पार्ने गरेको देखिन्छ । त्यस्तै भ्रष्टाचार बढी हुने कारणमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्चस्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिता र जवाफदेहिताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खबरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरीबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीतिक अस्थिरता आदि कारण प्रमुख छन्। समग्रमा भ्रष्टाचार बढ्नुमा समाज नै जिम्मेवार देखिन्छ। विगतमा राजनीतिक नेतृत्व र मन्त्रीले भ्रष्टाचारमा जेल काटेर निस्कँदा गलामा फूलका माला लगाइएको उदाहरण छन् ।

विशेषगरी नेपालमा राजनीतिक, नीतिगत, संस्थागत, योजनाबद्ध र प्रणालीगत भ्रष्टाचार हुने गर्छन् । प्रणालीगत र संस्थागत भ्रष्टाचार अन्यको तुलनामा झनै डरलाग्दो किसिमले आगाडि बढेको देखिन्छ । नेपालमा प्रणालीगत र संस्थागत भ्रष्टाचारमा वृद्धि भएको सङ्केत भूटानी शरणार्थीसम्बन्धी प्रकरणले प्रस्ट पारेको छ। राज्य प्रणाली र सरकार वा सरकारी निकायका अख्तियार प्राप्त व्यक्तिले भ्रष्टाचार गर्छन् भने राज्यका अन्य निकायमा त्यसको दुष्प्रभाव पर्छ। सरकार, अदालत, संसद्, सेना, प्रहरी, अख्तियारजस्ता अनुसन्धान गर्ने निकाय र त्यसमा रहेका अधिकारी नै भ्रष्टाचारमा लिप्त छन् भन्ने उदाहरण ललिता निवाससम्बन्धी जग्गा प्रकरणले प्रमाणित गरेको छ। जनताद्वारा निर्वाचित नेता र शासक भ्रष्ट र अनैतिक बन्दै अख्तियारको दुरुपयोगमा लाग्ने घटनाले लोकतन्त्र, लोकतान्त्रिक मूल्य मान्यता, सुशासन र प्रणाली कमजोर बन्न पुग्छ। भ्रष्टाचारमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय व्यक्तिसमेतको संलग्नता र मिलेमतो वा सञ्जाल वृद्धि हुँदै गएको छ। नेपालमा हालै भएको सुनकाण्डले त्यसलाई पुष्टि गरेको छ।

नागरिकको शक्ति, समर्थन र विश्वास प्राप्त गरी सत्ता र शासनमा पुगेपछि आफ्नो निजी लाभ वा हितबाट प्रेरित भएर प्रणालीगत र नीतिगत स्तरबाटै विधि र प्रक्रिया मिलाएको देखाएर गरिने ठूला भ्रष्टाचार नै राजनीतिक भ्रष्टाचारमा पर्दछन् । मुलुकमा संस्थागत र नीतिगत भ्रष्टाचार भएपछि त्यसको छाया प्रदेश र स्थानीय तह, प्रहरी कार्यालय, मालपोत, नापीदेखि वडा कार्यालयसम्म पुग्न सक्छ। त्यस्तो स्थितिमा जहाँ नागरिकको कुनै पनि सानो काम हुन्छ, त्यहाँ भ्रष्टाचार हुन पुग्छ।

लोकतान्त्रिक शासन व्यवस्थामा अनिवार्य रहेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा नेतृत्व गर्ने राजनीतिक र निजामती नेतृत्व शुद्ध हुने हो भने मुलुकमा सुशासन कायम हुन कठिन हुँदैन। भ्रष्टाचारले राष्ट्रमा कानूनी र विधिको शासन, नागरिक नियन्त्रण, लोकतान्त्रिक संस्कार, सामाजिक मूल्यमान्यता, नैतिकता, सामाजिक आचारसंहिता, मानवीयता र मूल्य सबैलाई एकैपटक ध्वस्त बनाउँछ । भ्रष्टाचार सामाजिक अपराध भएकोले यसले सामाजिक नैतिकता, मानवीयता, संस्कार र संस्कृति ध्वस्त बनाउने गरेको छ । भ्रष्ट र भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिष्कार र तिरस्कार गर्ने, गलत र नराम्रो मान्दै त्यस्तो गतिविधिलाई परिवार र समाजकै स्तरबाट विरोध र घृणा गरिदिने हो भने यसमा कमी आउने स्थिति रहन्छ। तर नेपालमा त्यस्तो संस्कार विकसित हुन सकेको छैन् । नेपालमा भ्रष्ट र भ्रष्टाचारीलाई सामाजिक सम्मान मिल्ने, कसले कुन माध्यमबाट धन कमायो वा कुन कमाइको पैसा कसरी खर्च गरिरहेको छ, त्यसमा परिवार र समाजले सोधीखोजी नगर्ने प्रवृत्ति हावी भएको देखिन्छ । कानून लागू गराउने वा कार्यान्वयन गराउने निकाय र शक्ति नै भ्रष्टाचारमा मुछिन्छन् भने त्यहाँ सुशासन कायम हुन्छ भन्न सकिन्न । नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रमुख समस्या भनेकै सुशासन कायम हुन नसक्नु हो ।

समग्रमा भ्रष्टाचार बढ्नुमा प्रणाली जति दोषी हुन्छ, परिवार र समाज पनि जिम्मेवार हुन्छ । जस्तोसुकै माध्यमबाट आएको पैसा भए पनि परिवार र समाजले सहजै स्वीकार गर्ने, भ्रष्टलाई नेता मान्ने, चुनावमा विजयी गराउनेजस्ता कार्यले भ्रष्टाचारले मलजल पाइरहन्छ। भ्रष्टाचार विरुद्धको आन्दोलनमा सामाजिक चेतना र खबरदारी बलियो हतियार हो । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछिका अवधिमा भ्रष्टाचार संस्थागत र पार्टीगत भएको कुरा भूटानी शरणार्थीसम्बन्धी काण्डले पनि प्रस्ट पारेको छ । त्यसबाट सुशासन, दिगो आर्थिक विकास र समृद्ध मुलुकको निर्माणमा गम्भीर खतरा उत्पन्न भएको छ । सुशासनविना लोकतन्त्र सबल र समृद्ध बन्नै सक्दैन । त्यस्तै वित्तीय अनुशासन पालना नभएमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने वास्तविकता हो । कमजोर व्यवस्थापनका कारण तोकिएको प्रक्रियाको पालना नहुँदा लक्षित वर्गले विकासको फल प्राप्त गर्न सक्दैन। भ्रष्टाचार नियन्त्रणका लागि जिम्मेवार पदाधिकारीको स्वेच्छाचारितालाई नियमन गर्न कानूनी व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसैले मुलुकको दिगो आर्थिक विकास र समृद्धिका लागि भ्रष्टाचारमुक्त समाज आजको आवश्यकता हो। यसतर्फ हामी सबै सचेत र गम्भीर हुनै पर्दछ।

नेपालको आर्थिक विकास हुन नसक्नुमा अर्को तर महत्त्वपूर्ण कारण भनेको भ्रष्टाचार हो । तर नेपालका विकाससम्बन्धी प्रगति प्रतिवेदनले भ्रष्टाचारालई कहिले पनि विकासको बाधकको रूपमा स्वीकार गरेको पाइँदैन। यसको प्रभावकारी नियन्त्रण हुनुपर्छ भनेर गाउँदेखि शहर हुँदै केन्द्रसम्म सशक्त नीति तथा कार्यक्रम आउँदैन । जबसम्म भ्रष्टाचार गर्ने र गराउनेको समूल नष्ट गर्न सकिँदैन, तबसम्म मुलुकको आर्थिक विकासको गति अगाडि बढ्न सक्दैन । जब कुनै देश गरीबी र भ्रष्टाचारको दुष्चक्रमा फस्छ, अनि त्यो देशको आर्थिक रूपान्तरण सहजरूपमा अगाडि बढ्न सक्दैन। भ्रष्टाचार गरीबीले गर्दा मात्र नभएर, खराब प्रवृत्ति, मानसिकता र संस्कार प्रमुख कारक हो । भ्रष्टाचार भनेको अपराध पनि हो। यसले मानिस, परिवार, समाज र देशलाई नै बहुआयामिकरूपमा नकारात्मक असर पार्छ । यसले देश र नागरिकलाई गरीबीको कुचक्रमा फसाउने कार्य गर्छ। यो मानवताको घातक शत्रु हो। यसको समयमैं नियन्त्रण हुन सकेन भने मुलुकलाई असफल राष्ट्रको सूचीमा लैजान सक्छ। यसका साथै यसले नेपालको समन्यायिक आर्थिक विकासमा गम्भीर अवरोध सृजना गर्छ। अहिलेको प्रमुख समस्या र चुनौती भनेको नै गरीबी र भ्रष्टाचार न्यूनीकरण गरी मुलुकको आर्थिक तथा सामाजिक विकासतर्फ अगाडि बढ्नु हो । यसका लागि दृढ इच्छाशक्ति भएको सशक्त सरकार, सक्षम कर्मचारीतन्त्र, बलियो अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सबल र स्वतन्त्र सञ्चार गृह र सचेत नागरिकको खाँचो छ।

"शिक्षा, स्वास्थ्य र कृषि विन्ध्यवासिनीको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


प्रमोद तिवारी (अध्यक्ष)


ज्योतिदेवी चौरसिया (उपाध्यक्ष)


राकेश ओझा (प्रमुख प्रशासकीय अधिकृत)

**विन्ध्यवासिनी गाउँपालिका परिवार, पर्सा**

"शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**मनोजराउत कुर्मी** (वडाध्यक्ष)
**वीरगंज महानगरपालिका-१**
**वडा कार्यालय, परिवार**

"शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**आशुतोष चतुर्वेदी** (वडाध्यक्ष)
**वीरगंज महानगरपालिका-२५**
**वडा कार्यालय, परिवार**

"शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**रामकिशोर सिंह** (वडाध्यक्ष)
**वीरगंज महानगरपालिका-२०**
**वडा कार्यालय, परिवार**

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

"शिक्षा, स्वास्थ्य र कृषि जगरनाथपुरको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


श्रीकान्तप्रसाद यादव (अध्यक्ष)


बबिता सिंह (उपाध्यक्ष)


कृष्णानन्दन राय (प्रमुख प्रशासकीय अधिकृत)

**जगरनाथपुर गाउँपालिका परिवार, पर्सा**

"शिक्षा, स्वास्थ्य र कृषि धोबिनीको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


मदनप्रसाद चौहान (अध्यक्ष)


मन्जु देवी (उपाध्यक्ष)


म. नवाज हुसेन (प्रमुख प्रशासकीय अधिकृत)

**धोबिनी गाउँपालिका परिवार, पर्सा**

# अन्तर्राष्ट्रिय समाचार

## न्यायाधीशलाई हत्याको धम्की दिने महिला पक्राउ

ह्युस्टन, ३२ साउन/एएफपी

पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को चुनावलाई उल्टाउने षडयन्त्र गरेको मुद्दाको सुनुवाइ गर्ने समितिको अध्यक्षता गरिरहेकी न्यायाधीशलाई हत्याको धम्की दिएकी टेक्सासकी एक महिला पक्राउ परेकी छन् ।



अश्वेत न्यायाधीश चुटकन (बायाँ) लाई धम्की दिने जो श्री (बीच) र पूर्वराष्ट्रपति ट्रम्प (दायाँ) । तस्वीरः एजेन्सी

यही अगस्त ५ मा अबिगेल जो श्रीले सङ्घीय न्यायाधीश तान्या चुटकनको वाशिङ्टन कार्यालयमा उनलाई हत्या गर्ने फोन सन्देश छोडेको अभियोगमा गृह मन्त्रालय अन्तर्गतका सुरक्षा निकायले उनलाई आज पक्राउ गरेका हुन् । 'डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीको एजेन्ट'ले दायर गरेको उजूरीका आधारमा उनलाई पक्राउ गरिएको हो ।

टेक्सासको एल्विनकी ४३ वर्षीया जो श्रीले अश्वेत न्यायाधीश चुटकनलाई 'मूर्ख काली, तिमी दास हौ, तिमी हाम्रो निगरानी छौ, हामी तिम्रो हत्या गर्न चाहन्छौँ' जातीय एवं रङ्गभेदयुक्त सन्देशमा भनेकी छन् ।

दक्षिणी टेक्सासको सङ्घीय जिल्ला अदालतमा श्रीविरुद्ध दायर गरिएको मुद्दामा 'यदि ट्रम्प २०२४ मा निर्वाचित भएनन् भने हामी तिमीलाई मार्नेछौं, त्यसैले सावधान रहनू' चुटकनको परिवार पनि आक्रमणको निशानामा रहेको सन्देशमा उल्लेख गरिएको जनाइएको छ ।

श्रीले टेक्सासकी अश्वेत सांसद शीला ज्याक्सन लीको नाम दिएर ट्रम्पलाई सताउने जो कोहीलाई मार्ने धम्की पनि दिएकी छन् । आजै उनलाई पक्राउ गरी अदालतमा पेश गर्न आदेश दिइएको छ ।

७७ वर्षीय ट्रम्प २०२४ को चुनावमा रिपब्लिकन पार्टीको अग्रपङ्क्तिमा छन् । यद्यपि उनको ह्वाइट हाउसतर्फ दोस्रो यात्रा त्यति सहज छैन किनभने उनले चारवटा आपराधिक मुद्दाको सामना गर्नुपरेको छ । जमैकामा जन्मेकी न्यायाधीश चुटकनलाई पूर्वडेमोक्रेटिक राष्ट्रपति बाराक ओबामाले नियुक्त गरेका हुन् । उनको नियुक्तिलाई सिनेटले सर्वसम्मतिले अनुमोदन गरेको थियो ।

दुई वर्ष पहिले अमेरिकी संसद्मा आफ्ना समर्थकलाई परिचालन गरी अघिल्लो वर्षको निर्वाचनमा आफ्ना प्रतिद्वन्द्वी डेमोक्रचाट उम्मेदवार जो बाइडेन पराजित भएको र आफूले चुनाव जितेको भन्दै पद हस्तान्तरण गर्न अस्वीकार गरेको तथा त्यहाँ आक्रमण गराएको मुद्दाको न्यायाधीश चुटकन नेतृत्वको टोलीले सुनुवाइ गर्दैछ ।

राष्ट्रपतीय निर्वाचन सम्पन्न भएको ६४ दिनपछि सन् २०२१ को जनवरी ६ मा संसद्मा ट्रम्प समर्थक भीडले आक्रमण गर्दा सातजनाको ज्यान गएको थियो भने संसद्का सुरक्षा कर्मचारी, वाशिङ्टन महानगर प्रहरी स्थानीय निकायका १५० जना अधिकारी घाइते भएका थिए । ट्रम्प समर्थक भीडले संसद्मा पसेर अन्धाधुन्ध आक्रमण गरेको थियो । रासस

## डुङ्गा दुर्घटनामा ६३ भन्दा बढीको मृत्यु भएको आशङ्का

प्रिया (केप भर्डे), ३२ साउन/एएनआई

आन्ध्र महासागरको मध्यभागमा अवस्थित टापु देश केप भर्डेमा डुङ्गा पल्टिंदा ६३ जनाभन्दा बढीको मृत्यु भएको आशङ्का गरिएको छ भने अन्य ३८ जनाको उद्धार गरिएको अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम)का अधिकारीहरूलाई उद्धृत गर्दै अल जजीराले जनाएको छ ।

गत महीना सेनेगलबाट आप्रवासी बोकेर युरोपका निम्ति हिंडेको डुङ्गा केपभर्डेको जलक्षेत्रमा दुर्घटनाग्रस्त भएको माछा समाउन समुद्रमा तल्लीन स्पेनी माझीले देखेका थिए । तटरक्षकले जीवित र मृतकको कुल सङ्ख्या ४८ रहेको बताएका छन् भने स्थानीय शवगृहले सातवटा शव प्राप्त गरेको जनाएको छ । सेनेगलको विदेश मन्त्रालयले गिनी–बिसाउका एक नागरिकसहित ३८ जनालाई डुङ्गाबाट उद्धार गरिएको बताएको छ ।

सेनेगलबाट केप भर्डेतर्फ आइरहेको आप्रवासी चढेको डुङ्गा पल्टिंदा त्यसमा सवार ६३ जनाभन्दा बढीको मृत्यु भएको आशङ्का गरिएको आइओएमले आज एक विज्ञप्ति निकालेर बताएको छ । दुर्घटनामा ज्यान गुमाएका आप्रवासी स्पेन हुँदै युरोपका विभिन्न देशमा शरण लिन घरबाट निस्केका थिए । रासस

## सहायताकर्मीमाथिको हिंसा नरोकिएकामा राष्ट्रसङ्घ चिन्तित

संयुक्त राष्ट्रसङ्घ, ३२ साउन/एएफपी

संयुक्त राष्ट्रसङ्घले मानवीय सहायताकर्मीमाथिको हिंसा नरोकिएकामा चिन्ता व्यक्त गरेको छ।

इराकको राजधानी बग्दादस्थित राष्ट्रसङ्घीय कार्यालयमा २० वर्षअघि भएको घातक हमलाको सन्दर्भमा उक्त विश्व संस्थाले सहायताकर्मीमाथि आक्रमण नरोकिएकामा चिन्ता व्यक्त गरेको हो । यो वर्ष संसारभरि ६२ जना मानवीय सहायताकर्मीले विभिन्न आक्रमणमा परी ज्यान गुमाएको जनाएको छ ।

राष्ट्रसङ्घले हरेक वर्ष अगस्त १९ मा बग्दादमा भएको आत्मघाती बम विष्फोटको सम्झनामा विश्व मानवीय दिवस मनाउँदै आएको छ। उक्त आक्रमणमा २२ जनाको ज्यान गएको थियो । आक्रमणमा तत्कालीन मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त र इराकका लागि राष्ट्रसङ्घका प्रमुख सर्जियो भिइरा डे मेलोले ज्यान गुमाएका थिए ।

यस वर्ष विश्वका द्वन्द्वग्रस्त क्षेत्रमा ६२ जनाको मृत्यु हुनुका साथै अन्य ८४ जना सहायताकर्मी घाइते भएका र ३४ जना अपहरणमा परेका छन् ।

केही वर्षदेखि दक्षिण सुडानलाई सहायता कार्यकर्ताका लागि विश्वको सबैभन्दा जोखिमपूर्ण स्थान बनेको छ । त्यहाँ मानवीय सहायता कर्मचारीहरूमाथि ४० पटक आक्रमण भएका तथा तिनमा परी २२ जनाको ज्यान गएको मानवीय मामिलासम्बन्धी राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ । मध्यअफ्रिकी गणतन्त्र, माली, सोमालिया, युक्रेन र यमनमा पनि मानवीय सहायताकर्मी मारिएका छन् । यसरी मारिनेमा ९० प्रतिशतभन्दा


'पर्साको केन्द्रबिन्दु प्रचुर विकासका पूर्वाधार
स्वास्थ्य, सुन्दर, हराभरा, पोखरिया स्मार्टसिटीको आधार'

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रद्युम्न चौहान (नगरप्रमुख)



रुबीकुमारी ठाकुर (उपप्रमुख)



देवेन्द्र सापकोटा (प्रमुख प्रशासकीय अधिकृत)

पोखरिया नगरपालिकाको कार्यालय, पर्सा परिवार



कृषि, पर्यटन, हरियाली वन
समृद्ध पटेर्वासुगौलीको खुशीयाली मन

हार्दिक शुभकामना

**प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



दिनेशकुमार चौधरी (अध्यक्ष)



ममता महतो (उपाध्यक्ष)



सन्देश यादव (प्रमुख प्रशासकीय अधिकृत)

पटेर्वासुगौली गाउँपालिका परिवार, पर्सा


### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – प्रगति | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**प्रतीक प्रकाशन ...**

अझ राम्रो हुने थियो । यसतर्फ व्यवस्थापन पक्षको ध्यानाकर्षण गराउँदै ३७औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा उत्तरोतर प्रगतिको कामना गर्दछु ।

**ममता महतो**
उपाध्यक्ष, पटेर्वासुगौली गापा, पर्सा



धेरै पुरानो प्रतीक दैनिकको सामाजिक विकासमा अग्रणी र महत्त्वपूर्ण भूमिका रहेको मैले महसूस गरेकी छु । राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा समाचारको माध्यमले अग्रणी बनेको छ । सङ्घीयतालाई मध्यनजर गरेर पर्सा जिल्लालगायत अन्य जिल्लाहरूका समेत पालिकाहरूको स्तरोन्नतिका लागि विभिन्न गतिविधि उजागर गरेर जनमानसमा जनचेतना जाग्रत गर्ने कार्य अझै सशक्तरूपले गर्नुपर्छ जस्तो लाग्छ । सुझावको रूपमा म के भन्छु भने वीरगंज सदरमुकाम केन्द्रित नभएर अन्य पालिकाहरूमा पनि ध्यान दिन आग्रह गर्छु । पालिकाहरूको गतिविधि चिरफार गरेर लेख्न जरुरी छ । वास्तविक तथ्य उजागर गर्नुपर्छ । यसले सामाजिक जनचेतनाको विकास हुन्छ । अन्त्यमा प्रतीक दैनिकको ३७औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रतीक दैनिक परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**रामेश्वर कुशवाहा**
फेंटा गापा–१ अकुवनिया, बारा

प्रतीक दैनिक लोकप्रिय पत्रिका हो । मेरो बुझाइमा सबैभन्दा राम्रो पक्ष के हो भने स्थानीय समाचारलाई प्राथमिकता दिइन्छ । प्रमुख समाचार पनि स्थानीय नै हुन्छ । झन्डै बीस वर्ष अघिको स्मरण गर्न चाहन्छु । साउन/भदौको महीना थियो । बाढी आएको थियो । बालीनालीको धेरै क्षति भएको थियो । यो पीडा लिएर म प्रतीक दैनिकको कार्यालय पुगेको थिएँ । प्राथमिकताका साथ समाचार प्रकाशित भयो । त्यो समाचारले गर्दा स्थानीय बासिन्दालाई



ठाउँठाउँबाट सहयोग प्राप्त भएको थियो । प्रतीक दैनिकको नाम म जीवनपर्यन्त बिर्सन सक्दिनँ । त्यसको लागि म प्रतीक दैनिकप्रति आभारी छु । ३७औं वार्षिकोत्सव यस पावन घडीमा उत्तरोतर प्रगतिको कामना गर्दछु ।

**मनोज उपाध्याय**
(वीरगंज, पर्सा)



प्रतीक दैनिकलाई धेरै वर्षदेखि चिन्दछु । उति बेला साप्ताहिकबाट दैनिकमा रूपान्तरण हुने सँघारमा थियो । सम्पादन र व्यवस्थापन पक्षले जोखिम मोलेर जुन परिवेश र परिस्थितिमा यस क्षेत्रमा दैनिक पत्रिका प्रकाशन गऱ्यो, त्यो अत्यन्तै प्रशंसनीय कार्य थियो । यत्रो लामो यात्रामा पाठक सामग्री, प्रकाशकीय उत्कृष्टताको कुरा वर्णन गरेर साध्य छैन । परिश्रमकै कारण 'क' वर्गमा परेको हो । एउटा कालखण्डमा जतिबेला केवल साप्ताहिक पत्रपत्रिकाहरू प्रकाशित हुन्थे, त्यो बेला प्रतीक दैनिक पर्सा, बारा, रौतहट, जनकपुर र चितवनलगायत थुप्रै ठाउँमा पुग्थ्यो । ३७औं वार्षिकोत्सवको अवसरमा प्रधान सम्पादकलगायत आबद्ध समस्त योद्धाहरूलाई शुभकामना दिंदै आगामी दिनमा रङ्गीन प्रकाशन होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

**प्राडा अनिल सिन्हा**
(रक्सौल, भारत)



नेपालको लोकप्रिय 'क' वर्गको अखबार प्रतीक दैनिकले आज ३७औं वार्षिकोत्सव मनाइरहँदा निकै खुशी लागेको छ। भारत–नेपाल सीमाको सबैभन्दा लोकप्रिय, चर्चित र सत्यतथ्य खबर यहाँसम्म पुऱ्याउने प्रतीक दैनिक परिवारलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । निर्भीक, प्रेरणादायक र देश एवं समाजलाई ऐना देखाउने प्रतीक दैनिकका प्रधानसम्पादक जगदीश शर्माको हार्दिक अभिनन्दन पनि गर्न चाहन्छु । प्रतीक दैनिक सदैव विश्वसनीय एवं निडर रहेको छ । बेटीरोटीको सम्बन्ध, भारत–नेपालको मित्रता र भलाइको उत्थानको लागि सदैव अग्रसर हुने प्रतीक दैनिक पछिल्लो समयमा भूकम्प, मधेस आन्दोलन, कोरोना महामारीमा पनि निरन्तर प्रकाशित हुँदै आएको छ, जसको वर्णन शब्दबाट गर्न सकिंदैन । जय भारत– जय नेपाल ।


# मधेश विश्वविद्यालय

वीरगंज, पर्सा

**कानून तथा जनप्रशासन सङ्काय**

**बिएएलएलबी र बिपिएएम (Bachelor in Public Administration & Management) प्रथम वर्ष शैक्षिक सत्र २०८०/८१ मा भर्नाका लागि प्रवेश परीक्षा फाराम भर्नेसम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/०५/०१**

यस मधेश विश्वविद्यालय, कानून तथा जनप्रशासन सङ्काय कार्यालयबाट शैक्षिक सत्र २०८०/८१ का लागि सञ्चालन हुने पाँच वर्षे स्नातक तह बिएएलएलबी र चार वर्षे बिपिएएम (Bachelor in Public Administration & Manag´ent) प्रथम वर्षमा यस सङ्काय अन्तर्गत स्नातक तहका कार्यक्रमहरू (अर्धवार्षिक परीक्षा प्रणालीमा) सञ्चालन हुन गइरहेकोले स्कूल अफ ल क्याम्पसका लागि ११० सिट र स्कूल अफ आट्र्स क्याम्पसको लागि ५५ सिट सङ्ख्यामा नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा लिई परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूबाट योग्यताक्रमका आधारमा भर्ना गर्नका लागि प्रवेश परीक्षा फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | आवेदन फाराम वितरण र दर्ता | २०८० भदौ १ गते शुक्रवारदेखि २०८० भदौ १५ गते शुक्रवारसम्म । |
| २. | फाराम उपलब्ध हुने तथा बुझाउने स्थान तथा समय | दरखास्त फाराम यस मधेस विश्वविद्यालयको केन्द्रीय कार्यालय, नेशनल ट्रेडिङ, वीरगंज, पर्साबाट प्राप्त हुनेछ । बिहान ११ देखि दिउँसो ३ बजेसम्म । |
| ३. | प्रवेश परीक्षा फाराम तथा प्रवेश परीक्षा दस्तुर | रु १०००।– (अक्षरेपि एक हजार मात्र ।) |
| ४. | प्रवेश परीक्षा शुल्क बुझाउने विधि र स्थान | नगद रसिद कार्यालयमा आएर तिर्नुपर्ने । |
| ५. | प्रवेश परीक्षा | २०८० भदौ २३ गते शनिवार दिउँसो २ देखि अपराह्न ४ बजेसम्म । |
| ६. | प्रवेश परीक्षा केन्द्र | पछि प्रकाशन गरिनेछ । |
| ७. | प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता | नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रवीणता (+२) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेकाले मात्र आवेदन भर्न पाउनेछन् । तर कानूनमा स्नातक गरिसकेका विद्यार्थीले आवेदन भर्न पाउनेछैनन् । |
| ८. | प्रवेश परीक्षाको किसिम | लिखित र अन्तर्वार्ता |
| ९. | प्रवेश परीक्षामा तपसिलबमोजिमका विषयवस्तुमध्येबाट प्रश्न सोधिनेछन् | **BALLB:–** 1. General Principles of Law & General Concept of Law 2. Constitutional Law & Human Rights 3. Civil & Criminal Law<br>**BPAM:–** 1. General Principles of Public Administration and General Concept of Governance. 2. Governance practices in Nepal. 3. Research and Basic Economics. 4. ICT and Writing Skill. |
| १०. | **प्रश्नको प्रकृति : BALLB**<br>प्रतिप्रश्न १ अङ्क भारका २५ वटा वस्तुगत प्रश्नको उत्तर दिनुपर्नेछ । २५ पूर्णाङ्कको हुनेछ ।<br>प्रतिप्रश्न १० अङ्क भारका तीनवटा विषयगत लामो प्रश्नको उत्तर दिनुपर्नेछ । ३० पूर्णाङ्कको हुनेछ ।<br>प्रतिप्रश्न ५ अङ्क भारका पाँचवटा विषयगत छोटो प्रश्नको उत्तर दिनुपर्नेछ । २५ पूर्णाङ्कको हुनेछ ।<br>मौखिक परीक्षा २० पूर्णाङ्कको हुनेछ ।<br>**BPAM**<br>◆ प्रतिप्रश्न १ अङ्क भारका २० वटा वस्तुगत प्रश्नको उत्तर दिनुपर्नेछ । २० पूर्णाङ्कको हुनेछ ।<br>◆ प्रतिप्रश्न २० अङ्क भारका दुईवटा विषयगत लामो प्रश्नको उत्तर दिनुपर्नेछ । ४० पूर्णाङ्कको हुनेछ ।<br>◆ प्रतिप्रश्न ५ अङ्क भारका चारवटा विषयगत छोटो प्रश्नको उत्तर दिनुपर्नेछ । २० पूर्णाङ्कको हुनेछ ।<br>◆ मौखिक परीक्षा २० पूर्णाङ्कको हुनेछ । | |
| ११. | आवेदन फाराम बुझाउँदा निम्न लिखित कागजातहरू अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।<br>◆ प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, एक/एक प्रति प्रतिलिपि ।<br>◆ नेपालबाहेक स्वदेशी वा विदेशी शिक्षण संस्थाहरूबाट अध्ययन गरेका विद्यार्थीलाई समकक्षता प्रमाणपत्रको<br>◆ प्रतिलिपि पेश गर्नुपर्नेछ ।<br>◆ हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति । | |
| १२. | प्रवेश परीक्षासम्बन्धी कुनै पनि विषयमा कानून तथा जनप्रशासन सङ्कायको डीन कार्यालयको निर्णय अन्तिम हुनेछ । | |

(कानून तथा जनप्रशासन सङ्काय)
डीन

तराई/मधेस द्रुतमार्ग सडक आयोजनाले जनाएको छ। वर्षाअघि द्रुतमार्गस्थित जसपाल, कैलेनी, अधेरी, जुइना, कर्मचुली, जुरेलीलगायतका स्थानमा पुलको पिलर, नाला, डाँडाका भित्ताहरूमा विभिन्न चरणका निर्माण कार्यहरू तीव्रताका साथ भइरहेको थियो ।

दुई प्याकेजको लागत नेपाली मूल्य अनुसार ४४ अर्ब रुपैयाँ छ । एउटा प्याकेज अन्तर्गत मकवानपुरको धेरेमा (सिम्पानीदेखि चालीसे खोल्सी १.३७ किमी) र लेनडाँडामा (घट्टेपाखादेखि बाँदरेखोल्सी १.४ किमी) गरी दुईवटा सुरुङमार्ग र पुल निर्माण गर्नुपर्ने जनाइएको छ। यो काम पोली च्याङ्दा कर्पोरेशनले २५ अर्ब नौ करोड ५९ लाख ७६ हजार ३३७ रुपैयाँमा ठेक्का पाएसँगै कामले गति लिइरहेको छ । महादेव डाँडामा अर्को ३.३ किलोमिटरको प्याकेजको काम १८ अर्ब ७८ करोड ७० लाख ६५ हजार छ सय रुपैयाँमा चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङले काम अघि बढाउँदै आएको छ ।

सो आयोजना २०७८ वैशाखमा निर्माण सम्पन्न गर्नुपर्ने भनिए पनि चालू वर्षको नीति तथा कार्यक्रममा एक वर्षको म्याद थप गरिएको छ। यस द्रुतमार्गको जीरोकिलो फर्सीडोलमा कायम गर्ने कि खोकनामा भन्ने यसअघिको विवादलाई समाधान गर्दै खोकनामा नै कायम गरिने भएको छ । सन् २०१५ मा भारतीय कम्पनी आइएलएफएसले डिपिआरको अस्वाभाविक मूल्य राखेपछि सेनाले डिपिआरविना नै काम शुरू गरेको थियो।

२०७४ वैशाखमा चार वर्षभित्र काम सम्पन्न गर्नुपर्ने जिम्मेवारी पाएसँगै सेनाले ट्र्याक सफा गर्ने, रूख काट्ने, माटो सम्याउने, पुर्ने, जग्गाको मुआवजा वितरण गर्ने, नक्शाङ्कन विवाद सक्ने जस्ता काम गरेका थिए । सो मार्गको जटिल भूगोलमा १६ वटा अग्ला पुलसहित कुल ८७ वटा पुल र महादेव, धेद्रे, लेन डाँडामा तीन स्थानमा गर्नुपर्ने सुरुङ मार्ग निर्माण काम धमाधम अघि बढिरहेको छ । नजीकिंदो वर्षायामलाई ध्यानमा राखेर वर्षाअघि नं पुलको जगका संरचनाहरूलाई खोलाको पानी बग्ने सतहदेखि माथि ल्याउने योजनाका साथ निर्माण कम्पनीहरूले काम गरी रहे पनि योजना मुताबिक काम सम्पन्न नहुँदा कामलाई अहिले बाढीले प्रभावित पारेको हो ।

निजगढ, बुदुने र सानो खोकनामा गरी तीन स्थानमा गाडी फर्काउने ठाउँ निर्माण गरिने पनि जनाएको छ । त्यसैगरी, दुई स्थानमा विश्रामस्थल र दुई स्थानमा कर सङ्कलन केन्द्र अर्थात् टोल प्लाजा रहने जनाएको छ। सिकाली मन्दिर र कोदेशका पुरातात्त्विक महत्त्वमा क्षेत्र संरक्षण गर्नका लागि नक्शाङ्कन परिवर्तन गर्न र त्यही नक्शाङ्कनलाई टुङ्गोमा पुऱ्याउन मन्त्रिपरिषद्बाट ढिलाइ हुँदा डिपिआर बन्नमा समेत ढिलाइ हुन गएको बताइएको थियो ।

पछिल्लो समय सरकारले कोरियाको सुसुङ इन्जिनीयरिङ एंव कन्सल्टिङ कम्पनीले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अर्थात् डिपिआरलाई सम्बन्धित मन्त्रालयसँग परामर्शमा संशोधनसहित पारित गरेपछि आयोजनाको काम तीव्रताका साथ अघि बढेको थियो ।

अघिल्लो डिपिआरलाई संशोधन गरेसँगै यसको लागत समय र लागत मूल्य घट्ने गरी द्रुतमार्गको डिपिआर संशोधन भएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जनाएका छन् । मङ्गलवार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त डिपिआर संशोधन गरेको बताइएको छ ।

दुई खर्ब १३ अर्ब नौ करोड ५३ लाखको लागत रहेकोमा संशोधनपछि दुई खर्ब ११ अर्ब नौ करोड ३० लाख आयोजनाको लागत रहने भएको हो ।

# पारिश्रमिक वृद्धिको माग गर्दै युनियनद्वारा आन्दोलनको घोषणा

प्रस, वीरगंज, ३२ साउन/

समग्र उद्योग ट्रेड युनियन नेपाल (ह्वीन)ले शुक्रवार प्रेस विज्ञप्ति जारी गरी चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । साउन १ देखि श्रमिकहरूको रु २५ हजार पारिश्रमिक हुनुपर्ने माग गर्दै पहिलो चरणको आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको हो ।

अध्यक्ष हेमराज न्यौपाने र सचिव प्रेम चौधरीले जारी गरेको विज्ञप्ति अनुसार भदौ १ गते एक घण्टा धर्ना र नाराबाजी, ३ गते दुई घण्टा धर्ना र नाराबाजी, ४ गते तीन घण्टा धर्ना र नाराबाजी, ५ गते चार घण्टा धर्ना र नाराबाजी, ६ गते साँझ ६ बजे मशाल जुलुस, ७ गते आधा घण्टा सम्पूर्ण उद्योग बन्द गर्ने जनाएको छ ।

नयाँ न्यूनतम पारिश्रमिक रु २५ हजार कायम गर्नुपर्ने माग गर्दै विभिन्न १२ वटा ट्रेड युनियन सङ्घहरूले श्रम मन्त्रालयसमक्ष असार २६ गते ज्ञापनपत्र बुझाएको थियो । त्यस्तै, साउन १३ गते वीरगंजमा कोणसभा गरी भदौ १ गतेदेखि अनिश्चितकालीन अवज्ञा आन्दोलन गर्ने घोषणा गरेको थियो । उक्त घोषणा अनुसार नेपाल सरकारले साउन मसान्तसम्म श्रमिकको पारिश्रमिक वृद्धि गर्न गम्भीर नभएपछि बाध्य भएर आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ ।

# मोटरसाइकल दुर्घटनामा बालकको मृत्यु

नरेश यादव, पर्सागढी, ३२ साउन/

पटेर्वासुगौली गाउँपालिका-५ निचुटामा मोटरसाइकल दुर्घटना हुँदा एकजना किशोरको घटनास्थलमा मृत्यु भएको छ ।

वीरगंज महानगरपालिका-१ छपकैया निवासी जयनाथ सिंहका १६ वर्षीय छोरा राहुल सिंह मामाघर पटेर्वासुगौली गापा-५ निचुटा आएका थिए ।

आज बिहान उनले ना.१८प ४०२८ नम्बरको मोटरसाइकल चलाउने क्रममा अनियन्त्रित भई दुर्घटना हुँदा उनको घटनास्थलमैं मृत्यु भएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए । सिंहको शव परीक्षणको लागि नारायणी अस्पताल, वीरगंजमा राखिएको प्रहरीले जनाएको छ ।


कृषि, पर्यटन, हरियाली वन
समृद्ध जीराभवानीको खुशियाली मन

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


अनोज चौधरी (अध्यक्ष)

रेखा चौधरी (उपाध्यक्ष)

अमित गिरी (प्रमुख प्रशासकीय अधिकृत)

जीराभवानी गाउँपालिका परिवार, पर्सा

छिपहरमाईको अभियान
हरेक जनवासीको मुस्कान

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


मनोज कुमार (अध्यक्ष)

लीलावतीदेवी कानू (उपाध्यक्ष)

सिकिन्द्रप्रसाद साह (प्रमुख प्रशासकीय अधिकृत)

छिपहरमाई गाउँपालिका परिवार, पर्सा

कृषि, पर्यटन, हरियाली वन
समृद्ध जगरनाथपुरको खुशियाली मन

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


श्रीकान्त यादव (अध्यक्ष)

बबिता सिंह (उपाध्यक्ष)

कृष्णनन्द राय (प्रमुख प्रशासकीय अधिकृत)

जगरनाथपुर गाउँपालिका परिवार, पर्सा

तोकिएको ठाउँमा फोहर फालौं, शहर सफा राखौं,
वृक्षारोपण गरी निजगढ नपालाई हरियाली पारौं ।

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


सुरथ पुरी (अध्यक्ष)

सोममाया थिङ (उपाध्यक्ष)

राजमणि निरौला (प्रमुख प्रशासकीय अधिकृत)

निजगढ नगरपालिका परिवार, बारा

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सञ्जीवबहादुर क्षत्री (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-१७
वडा कार्यालय, परिवार

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

जगत साह कानू (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-४
वडा कार्यालय, परिवार

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

जयप्रकाश साह (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-६
वडा कार्यालय, परिवार

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

बैजुलाल स्वर्णकार (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-३
वडा कार्यालय, परिवार

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

शम्भु मिश्र (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-२६
वडा कार्यालय, परिवार

'शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार
सुन्दर, समृद्ध तथा समुन्नत वीरगंजको आधार'

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

प्रदीप चौरसिया (वडाध्यक्ष)
वीरगंज महानगरपालिका-५
वडा कार्यालय, परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३६औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

युनिक ट्रेड लिङ्क प्रा.लि.
आदर्शनगर, वीरगंज-१०





## आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रूमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रूमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरूलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड